# रामशाहको राज्यकाल–एक चर्चा

—दिनेशराज पन्त

*Summary*

*According to Nepali Vamsavalis composed a century ago, Chatra Shah ascended the Gorkhali throne in* 1605 *A. D. and reigned only seven months. In* 1606 *A. D. Ram Shah succeeded him. Ram Shah reigned for* 27 *years. In other words Ram Shah's rule extended from* 1606 *to* 1633 *A. D. In* 1633 *A. D. Dambar Shah succeeded Ram Shah.*

*Mr. Dinesh Raj Pant re-constructing Ram Shah's chronology in this paper checks these dates against contemporary records and finds them inaccurate.*

*We can stretch Chatra Shah's rule up to* 1609 *A. D. as we have a document for his rule dated* 1609 *A. D. Ram Shah's first and last documents obtained so far are dated respectively* 1614 *and* 1636 *A. D. Dambar Shah's first authentic document as a King is dated* 1644 *A. D. The author reconstructs the chronology of Ram Shah to be from* 1614 *to* 1636 *A. D. and concludes that Ram Shah's kingship before* 1609 *A. D. and after* 1644 *A. D. was not possible.*

नेपालको शुद्ध र सम्पूर्ण इतिहास तयार पार्न हामीले निकै प्रयत्न गर्नुपरेको छ। विभिन्न कारणवश चाहिँदो मात्राको परिश्रम नपुगेकोले नेपालको इतिहास राम्रो तयार भएको छैन। नेपालको जुनसुकै कालको इतिहासमा पनि अन्धकार विद्यमान छ तापनि विशेष गरेर पूर्वका सेन राज्य र पश्चिमका बाईसी चौबीसी राज्यहरूको इतिहास त अझ गहन अन्धकारमा छ। अरू कुरा त छोडौं वर्तमान नेपालराज्यका संस्थापक श्री ५ पृथ्वीनारायण शाहभन्दा पहिलेको गोरखाराज्यको इतिहास पनि यस्तै गहन अन्धकारमा छ।

गोरखाली राजाहरूमा रामशाह प्रसिद्ध छन्। द्रव्य शाहले वि. सं. १६१६ मा खडा गरेको गोरखा–राज्यलाई राम शाहले नै विशेष उन्नतिमा पुऱ्याएका हुन् भन्न हामी निर्धक्कसँग सक्छौं। तर दुर्भाग्यवश त्यति प्रसिद्ध राजा राम शाहको पनि जन्म, मृत्यु आदि अरू घटनाको त कुरै छोडौं, राज्यकालको पनि राम्रो निर्णय भएको छैन। यस कारण प्राप्त सामग्रीको आधारमा राम शाहको राज्यकालको बारेमा प्रकाश पार्ने उद्योग यस निबन्धमा गरिएको छ।

जङ्गबहादुरको पालामा नेपालस्थित ब्रिटिश दूतावासमा डाक्टर भई आएका डेनियल राइटको नेपालको इतिहासमा राम शाहको शासनकालको विषयमा तलको कुरा लेखिएको छ–

श्रीछत्र शाह शाक १५२७ रेन्ड् ७ मन्थ्स्।

श्रीराम शाह शाक १५२८ रेन्ड् २७ यर्स्।

छत्र शाह ह्याभ्इङ नो इस्'यु, हिज् ब्रद्'अर् रामशाह सक्'सीड्इड् हिम्। छत्र शाह रेन्ड् ओन्'–लि सेभ्'न् मन्थ्स्।...

श्रीडम्बर शाह शाक १५५५ (ए. डी. १६३३)

(ई. सं. १८७७ (वि. सं. १९३३) मा क्याम्ब्रिज विश्वविद्यालय लण्डनबाट प्रकाशित डेनियल राइटको हिस् टरि अफ् नेपाल (नेपालको इतिहास) का २७८–२७९ पृष्ठबाट)

[श्रीछत्र शाहको राज्यारोहण संवत् शाके १५२७ (वि. सं. १६६२), राज्यकाल ७ महीना ।

श्रीराम शाहको राज्यारोहणसंवत् शाके १५२८ (वि. सं. १६६३), राज्यकाल २७ वर्ष ।

छत्र शाहका सन्तान भएनन् । छत्र शाह पछि उनका भाइ राम शाह राजा भए । छत्र शाहले ७ महीना मात्र राज्य गरे ।

श्रीडम्बर शाहको राज्यारोहणसंवत् शाके १५५५ ईसवी संवत् १६३३ (वि. सं. १६९०)]

वि. सं. १९३५ मा (१) भाषावंशावली एकसरो लेखी सिद्ध्याउने बुद्धिमानसिंहको विचार पनि यस प्रसङ्गमा उल्लेख गर्नु चाखलाग्दो नै हुनेछ–

अस्य (पुरन्दर शाहका) पुत्र शाके १५२७ (वि. सं. १६६२) मा छत्र शाह राजा हुँदा भया। . . . (राज्य) भोग महीना ७ सम्म गर्दा भया ।

तनका (छत्र शाहका) पुत्र नहुँदा भाइ राम शाह शाके १५२८ (वि. सं. १६६३) मा राजा भया। राज्यभोग वर्ष २७ सम्म गर्दा भया । . . . . .

यिनका (राम शाहका) पुत्र शाके १५५५ (वि. सं. १६९०) मा डम्बर शाह महाराज हुँदा भया ।

(वि. सं. २०२५ मा जगदम्बा प्रकाशन ललितपुरबाट प्रकाशित नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य, दिनेशराज पन्तद्वारा सम्पादित श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५५५, ५५८, ५९२ पृष्ठबाट)

यसरी यी दुवै जनाको भनाइअनुसार वि. सं. १६६२ मा छत्र शाह राजा भए; छत्र शाहले ७ महीना राज्य गरे; यसपछि छत्र शाहको मृत्यु भयो र उनका भाइ राम शाह वि. सं. १६६३ मा राजा भए; राम शाहले २७ वर्षसम्म राज्य गरे; राम शाहको मृत्युपछि वि. सं. १६९० मा उनका छोरा डम्बर शाह राजा भए भन्ने बुझिन्छ ।

राम शाहभन्दा झण्डै अढाइ शय वर्षपछिका यी दुवै जना भएका हुनाले हामीले झट्ट यिनको भनाइमा भर परिहाल्नु ठीक हुँदैन। यस कारण तात्कालिक सामानतिर पनि हामीले दृष्टि दिनुपरेको छ ।

सबभन्दा पहिले हामी छत्र शाहको पालाको सामग्रीतिर ध्यान देऔं ।

गोरखादरबारको रङ्गमहलको छिंडीको कुनामा छत्र शाहले राखेको नगरा पाइएको छ । त्यहाँ यो अभिलेख कुँदिएको छ–

श्रीशाके १५३१ मासे ५ श्रीमहाराजछत्रशाहस्य कृतिः

(वि. सं. २०२९ मा नेपाल अध्ययन संस्थान त्रिभुवन–विश्वविद्यालय कीर्तिपुरबाट प्रकाशित तुलसीराम वैद्य र धनवज्र वज्राचार्यद्वारा सम्पादित गोरखाको ऐतिहासिक सामग्रीको १४ पृष्ठबाट)

[शाके १५३१ (वि. सं. १६६६) भाद्र महीनामा श्रीमहाराज छत्र शाहले यो बनाउनुभएको हो ।]

यताबाट वि. सं. १६६६ मा छत्र शाहको राज्यकालको उल्लेख पाइसकेकोले छत्र शाहको मृत्यु भएपछि वि. सं. १६६३ मा राम शाह गद्दीमा बसे भनी लेख्ने राइट र बुद्धिमानको लेखाइको खण्डन हुन आउँछ ।

अब हामी राम शाहको राज्यकालको सामग्री हेरौं ।

राम शाहले गोरखा पोखरीथोकको मुरलीधरनारायणमन्दिरमा अभिलेख राखेका छन् । सो अभिलेखमा यस्तो लेखिएको छ–

श्रीशाके १५३६
विधुगिरिरसपृथ्वीचिह्निते विक्रमाब्दे
गतवति नृपरामो मानदः सज्जनानां ।
मठमधिकविधिज्ञो दिक्षु विक्षिप्तकीर्ति–
र्गणपतिप्रभृतीनां देवतानामकार्षीत् ॥१॥
शुभं

[शाके १५३६ वि. सं. १६७१ मा सज्जनहरूको मानमर्यादा गर्ने, देशविदेशमा कीर्ति फैलिएका, धेरै विधिविधान जान्ने राजा राम शाहले गणेश आदि देवताहरूको मठ बनाउनुभयो। कल्याण होस्]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ५७२ पृष्ठबाट)

यताबाट वि. सं. १६७१ मा राम शाह राजा भइसकेका थिए भन्ने स्पष्ट हुन्छ ।

यसपछि राम शाहको पालामा लेखिएका प्रामाणिक तिथियुक्त पुस्तकहरू पाइन्छन् । ती पुस्तकहरू वि. सं. १६७५, वि. सं. १६७८, वि. सं. १६७९ मा लेखिएका पाइएका छन् (२) ।

गोरखा पोखरीथोकको रामेश्वरमन्दिरमा राम शाहले अभिलेख राखेका छन् । सो अभिलेखमा यस्तो लेखिएको छ–

(बायाँपट्टि)
श्रीगणेशाय नमः ।
वसुबाणशिवाननचंद्रयुते नृपशालिवाहसमये विगते ।
विदधे नृपराम मठं कुतुकात् शुचिदशमीयुक्तरवौ नभसि ॥१॥
(दायाँपट्टि)
श्रीशाके १५५८
रामश्चांकरसेंद्वतीतसमये श्रीविक्रमार्कस्य वै
शुद्धे श्रावणमासि भानुदिवसे युक्त दशम्यां तथा ।
चक्रे राममहीपतिर्मठमसावानंदसंदोहनं
श्रीमच्छंकरपादपद्मरजसा पूतः सदा शत्रुजित् ॥१॥
[श्रीगणेशलाई नमस्कार

शाके १५५८ श्रावण महीनामा आषाढ दशमी आदित्यवारका दिन (धर्ममा) चौथो भएका राजा राम शाहले मठ बनाउनुभयो ।

त्यस्तै शाके १५५८ वि. सं. १६९३ चोखो श्रावण महीनामा दशमी आदित्यवारका दिन श्रीशिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएका सधैं शत्रुलाई जित्ने उहाँ राजा राम शाहले आनन्द दिने मठ बनाउनुभयो ।]

(श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५५८–५५९ पृष्ठबाट)

यताबाट वि. सं. १६९३ मा राम शाह राजा थिए भन्ने उल्लेख पाइएकोले राम शाहपछि वि. सं. १६९० मा डम्बर शाह राजा भए भन्ने उल्लेख पाइएकोले राम शाहपछि वि. सं. १६९० मा डम्बर शाह राजा भए भन्ने राइट र बुद्धिमानको भनाइमा केही सार छैन भन्ने स्पष्ट हुन्छ ।

वि. सं. १६७१ देखि वि. सं. १६९३ सम्म राम शाहको राज्यकालको प्रामाणिक उल्लेख पाइएको हुनाले २२ वर्षसम्म राम शाहले राज्य गरेको कुरामा केही सन्देह रहँदैन । वि. सं. १६६६ मा छत्र शाहको राज्यकालको उल्लेख पाइएकोले त्यसभन्दा अघि पनि राम शाह हुन सक्तैनन् । यताबाट वि. सं. १६६६ देखि वि. सं. १६७१ सम्मको ५ वर्षभित्रमा गोरखाको राजगद्दीमा राम शाह बसेका देखिन्छन् । वि. सं. १७०१ मा गोरखामा डम्बर शाह राजा थिए भनी देवप्रयागका पण्डा तेवारीको खाताबहीमा लेखिएको छ (३) । यताबाट वि. सं. १६९३ देखि वि. सं. १७०१ सम्मको ८ वर्षभित्रमा राम शाहको मृत्यु भएको देखिन आउँछ ।

यी माथिका प्रमाणको आधारमा राम शाहको राज्यकाल वि. सं. १६६६ भन्दा अघि र वि. सं. १७०१ भन्दा पछि हुन सक्तैन, राम शाहको राज्यकालको अहिलेसम्म प्राप्त प्रामाणिक मितिचाहिँ वि. सं. १६७१–१६९३ हो भन्ने कुरा स्पष्ट हुन्छ ।

राम शाहको राज्यकालको निश्चित मितिको नजीकमा मात्र पुग्न हामी सकेका छौं । राजा राम शाहको राज्यकालको निश्चित मिति भेट्टाउन अरू बढी अन्वेषणको खाँचो छ । अन्वेषणको प्रक्रियालाई बढाउँदै लगी निश्चित मिति भेट्टाउने आशा राख्दै यो निबन्ध यहीं टुङ्ग्याइन्छ ।

---

१. वंशावली काठमाडौं मन्जेश्वरी टोलमा बस्न्या गोर्खाली खरीदार बुद्धिमानसिंहले धेरै वर्षसम्म सङ्ग्रह गरी बहुत मिहिनेत गरी आफ्ना बुद्धिले अटायासम्म तयार गरी संवत् १९३५ साल मिति भाद्रवदि १ रोज ३ मा गाईजात्राका दिन लेषी सिद्धियाको हो । (भाषावंशालीबाट)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावण | ३१ | मङ्गल | प्रतिपदा | ६०। | ० |

(पात्रोबाट)

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५९०–५९१ पृष्ठ ।

३. वि. सं. २०२९ मा संशोधन–मण्डल काठमाडौंबाट प्रकाशित भएको पूर्णिमा २७ अङ्कमा छापिएको बाबुराम आचार्यको देवप्रयागका पण्डा तेवारीको खाताबहिमा भन्ने निबन्ध । सो अङ्कको १६२ पृष्ठ ।